# नेपाल शैक्षिक परामर्श संघ
## Educational Consultancy Association of Nepal (ECAN)

CDO Regd. No. 129/054/055
S.W.C. No. 45167
PAN 302281712


मिति : २०७८ मंसीर ७ गते ।

**प्रेस विज्ञप्ती**

आदरणिय पत्रकार ज्यूहरु, शैक्षिक परामर्श व्यवसायीहरु, अभिभावक तथा विद्यार्थी वर्ग,

विगत करिब २ वर्ष देखि विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरसको प्रकोपका कारणबाट विश्व मानव समाज आक्रान्त भएको र त्यसको असरबाट हामी पनि उत्तिकै प्रभावित भएको विषय सर्वमा विदितै छ ।

महामारीका कारण नेपाली विद्यार्थीहरुले उच्च शिक्षा हासिल गर्नका लागि विशेष रुचाइने मुलुकहरुमा अध्ययन गर्न जाने प्रकृया पनि अवरुद्द नै भएको थियो । कैयन नेपाली विद्यार्थीहरुले भिसा प्राप्त गरिसकेको लामो समय सम्म यात्रा गर्न नसकेर तथा नेपाल मै अनलाइन कक्षा लिनु पर्ने बाध्यता पनि थियो । यस विषम् परिस्थितीलाई विश्वले क्रमश: जित्दै छ र अब अन्तर्राष्ट्रिय आवागमन सामान्य हुने क्रममा रहेको सुखद विषय हामी समस्त अभिभावक तथा विद्यार्थी वर्गमा अनुरोध गर्न चाहन्छौं ।

यसै सन्दर्भमा जापान सरकारले गत Nov - 08, 2021 देखि नै विदेशीको लागि पर्यटक भिसा बाहेक अन्य भिसाको निमित्त बोर्डर खुल्ला गरि भिसा प्रकृया आरम्भ गरिसकेको छ भने भर्खरै मात्र अष्ट्रेलीया सरकारले पनि Dec 01, 2021 बाट विदेशी विद्यार्थी लगायत अन्य वर्गका यात्रुहरुलाई आवागमन खुल्ला गर्ने निर्णय गरेको खबरले नेपाली विद्यार्थी र अभिभावक सामु देखा परेको अन्यौलताको अवस्थाको अन्त्य भएको छ । अब जापान तथा अष्ट्रेलीया जाने विद्यार्थीहरुले नियमित प्रकृयाबाट विगतमा झैं यात्रा गर्न सक्नेछन् ।

नेपाल शैक्षिक परामर्श संघ (ECAN) को तर्फबाट हामी सम्बन्धित सम्पुर्ण अभिभावक तथा विद्यार्थी वर्गमा आवागमन खुल्ला गरिएका मुलुकहरुको भिसा प्रकृया तथा यात्राको तयारीलाई सहज एवम् व्यबस्थित बनाउने सन्दर्भमा हालसम्म गरिएका पहलकदमीहरु सँगै आगामी दिनमा देखा पर्ने चुनौतीका सन्दर्भमा जानकारी स्वरुप आजको प्रेस मिटको आयोजना गरिएको हो ।

जापान सरकारले २०२० को डिसेम्वरदेखि विद्यार्थी भिसामा जापानमा उच्च शिक्षा अध्ययनमा जाने विद्यार्थीको लागि प्रवेशमा रोक लगाईएकोमा मिति २०२१ नोभेम्बर ०८ बाट प्रवेशको लागि अनुमति दिने निर्णय गरेको छ । जसबाट २०२० मा COE प्राप्त गरि Tuition Fee लगायतका शुल्क तिरेर बसेका विद्यार्थीमा सहजता हुने अपेक्षा छ । जापान सरकारले २०२० को अप्रिल देखि २०२१ को अप्रिल सम्मका विद्यार्थीलाई २०२१ को नोभेम्बर, डिसेम्बर र जनवरी गरी तिन महिनामा प्रवेशको अनुमती दिने र २०२१ को अप्रिल, जुलाई र अक्टोबरका विद्यार्थीलाई जनवरी पछि सुचना जारि गर्ने जनाएको छ । मुलत:

१. २०२० जनवरी ०१ देखि २०२० मार्च ३१ सम्म COE प्राप्त विद्यार्थीले नोभेम्बर २०२१ मा प्रवेश पाउने ।

२. २०२० जनवरी ०१ देखि २०२० सेप्टेम्बर ३० सम्मका COE प्राप्त विद्यार्थीले डिसेम्बर २०२१ मा प्रवेश पाउने ।

३. २०२० जनवरी ०१ देखि २०२१ मार्च ३१ सम्म COE प्राप्त विद्यार्थीले जनवरी २०२२ मा प्रवेश पाउने ।

सोहि अनुसार नेपालबाट जापानिज दुतावासमा भिसा आवेदन गरि भिसा प्राप्त गर्न सक्ने जनाईएको छ । नेपालमा भिसा आवेदन पुर्व विद्यार्थीले आफुले अध्ययन गर्न जान चाहेको कलेज, स्कुलबाट माग गरिएको कागजपत्र पेश गरि जापानको शिक्षा मन्त्रालयबाट प्रदान गर्ने Certificate या Examination (Screening Certificate) लिनु पर्ने बाध्यात्मक व्यवस्था गरिएको छ । Screening Certificate प्राप्त विद्यार्थीले मात्र भिसा आवेदन गर्न सक्नेछन । साथै नेपालमा अवस्थित जापानिज दुतावासले भिसा आवेदन प्रत्यक्ष रुपमा नलिने नयाँ नियम शुरु गरेको छ र सम्पुर्ण भिसा आवेदन नेपाल अवस्थित VFS Global Nepal बाट लिने जनाएको छ । यो व्यवस्थाले विद्यार्थीले आफ्नो अनुकुल समयमा भिसा आवेदन दिन सक्ने अनुमान गरिएकोमा सो विपरित VFS Global ले जापान सरकारले जारि गरिएको सुचना विपरित कुनै निश्चित मापदण्डमा नरहि अव्यवहारीक तवरले भिसा आवेदनको Booking लिईरहेको छ । जसबाट २०२० मा Fee जापान पठाई जापान जान प्रतिक्षारत विद्यार्थीहरुले Screening Certificate प्राप्त गरेता पनि सहजै भिसा आवेदनको लागि VFS बाट समय प्राप्त गर्ने अवस्था देखिदैन । २०२० का विद्यार्थीलाई प्राथमिकतामा राखि सुचना निकालेको जापान सरकारले VFS Nepal लाई भने सोहि अनुसार निर्देशन नदिएकोले विद्यार्थीहरु मारमा परेका छन ।

हिजो मात्रै अष्ट्रेलियाका प्रधानमन्त्री Scott Morrison ले अन्तर्राष्ट्रिय यात्रुका लागि अष्ट्रेलियाको सिमाना खोल्ने बारे थप घोषणा गर्नुभएको छ । यस घोषणाले अष्ट्रेलियामा विभिन्न भिसा अन्तर्गत यात्रा गर्न चाहने यात्रु खासगरि नेपाली विद्यार्थीहरूलाई प्रवेशका लागि ढोका खुलेको छ । नेपालका लागि अष्ट्रेलियन राजदुत Felicity Volk ले नेपाल शैक्षिक परामर्श संघ (इक्यान) लाई आधिकारिक रुपमा यो घोषणाको जानकारी दिनुभएको छ । यो घोषणाका लागि इक्यान नेपालस्थित अष्ट्रेलियन दुतावास मार्फत अष्ट्रेलिया सरकारलाई विशेष धन्यवाद दिन चाहन्छ । जस अन्तर्गत निम्न लिखित बुदामा यसबारे स्पस्ट पारिएको छ । Dec 01, 2021 देखि पूर्ण रूपमा खोप लगाइएका (Fully Vaccinated) योग्य भिसा धारकहरू (Eligible Visa holder) अन्तर्राष्ट्रिय विद्यार्थी, दक्ष, शरणार्थी, मानवीय, अस्थायी र अस्थायी पारिवारिक भिसा धारकहरू सहित) यात्रा छुटको लागि आवेदन नगरी अष्ट्रेलिया जान सक्नेछन । (योग्य भिसा धारकहरूमा (Eligible Visa holder) दक्ष र विद्यार्थी समूहहरू, Refugee, Humanitarian and Temporary and Provisional Family Visa Holders समावेश छन् । (योग्य भिसा उपवर्गहरूको (Visa Subclasses) पूर्ण सूची https://covid19.homeaffairs.gov.au वेबसाइटमा उपलब्ध छ ।) यो व्यवस्था अन्तर्गत अष्ट्रेलिया प्रवेश गर्न चाहने यात्रुले निम्न कार्य गरेको हुनुपर्नेछ ।

१ अष्ट्रेलियाको Therapeutic Goods Administration (TGA) द्वारा स्वीकृत वा मान्यता प्राप्त भ्याक्सिनको सम्पूर्ण डोज लिएर पूर्ण रूपमा खोप लगाएको हुनु पर्नेछ । यसमा १२ वर्ष मुनिका बालबालिका र अन्य स्वास्थ्यको कारणले खोप लगाउन नपर्ने यात्रुहरुको लागि भने पूर्ण रूपमा खोप लगाइएका यात्रुहरु सरहकै मान्यता रहने छ । १२ देखी १७ वर्ष उमेरका खोप नलगाएका नाबालिगहरूलाई पूर्ण खोप लगाएको वयस्कसँग यात्रा गर्न अनुमति दिने व्यवस्था गरिएको छ । यसका लागि प्रवेश गर्न चाहेको राज्य वा क्षेत्र (State or Territory) का Specific Requirements विशेष [illegible] दिनु पर्ने छ ।

२ यात्रा गर्न चाहने व्यक्तीको Visa Subclasses अन्तर्गत योग्यता पुगेको Valid Visa हुनुपर्नेछ ।

३ यात्रुहरुले खोप स्थिति (Vaccination Status) को प्रमाण पेस गर्नुपर्ने छ ।

४ यात्रुहरुले अनिवार्य रुपमा प्रस्थान गरेको ३ दिन भित्र गरिएको नेगेटिभ COVID-19 पोलिमरेज चेन रियाक्सन (PCR) परीक्षण Report प्रस्तुत गर्नुपर्नेछ । (चिकित्सा छुट लागू नभएसम्म)

५ अष्ट्रेलियामा क्वारेन्टाइन आवश्यकताहरू राज्य र क्षेत्र सरकारहरूद्वारा निर्धारण गरिने व्यवस्था गरिएको छ ।

६ हाललाई अष्ट्रेलिया फर्कने यात्रुहरूले क्वारेन्टाइन नबसी NSW, Victoria र ACT मा मात्र प्रवेश गर्न र यात्रा गर्न सक्ने व्यवस्था गरिएको छ ।

७ अष्ट्रेलियाको एक राज्य वा क्षेत्रबाट अर्को राज्य वा क्षेत्रमा यात्रा गर्न चाहने व्यक्तिहरूलाई क्वारेन्टाइन अवधिबाट प्रवेश दिन चाहने वा प्रवेश गर्न अनुमति नदिने व्यवस्था सम्बन्धित राज्य वा क्षेत्रको अधिनमा रहने छ ।

८ यात्रुहरूले आफूले यात्रा गर्न चाहेको अष्ट्रेलियाको कुनै पनि राज्य वा क्षेत्रमा क्वारेन्टाइनको व्यवस्थाबारे व्यक्ति स्वयम् सचेत हुनुपर्नेछ । यि माथिका व्यवस्था अष्ट्रेलिया जान चाहने कुनै पनि यात्रु तथा विद्यार्थीको हकमा लागु हुनेछ ।

नेपाल शैक्षिक परामर्श संघ (ECAN) सम्बन्धित विद्यार्थी तथा अभिभावक एवम सबै सदस्य संस्थाहरुलाई अनावश्यक दवाव तथा आर्थिक भार नपर्ने गरि VFS Appointment तथा हवाई टिकट व्यवस्थापनको कार्यमा सहजीकरण गर्न तथा कुनै खास समस्या उत्पन्न भएमा तत्काल नेपाल शैक्षिक परामर्श संघ (ECAN) केन्द्रिय कार्यलयलाई सुचना गर्न समेत अनुरोध गर्दछौं ।

नेपाल शैक्षिक परामर्श संघ (ECAN) का सबै अभियानहरुलाई सफल बनाउन सञ्चार जगतको भूमिका उल्लेख्य रहेको हुँदा सम्पुर्ण सञ्चार माध्यम तथा सञ्चारकर्मी महानुभावहरु समक्ष उल्लेखित विषयका सन्दर्भमा अभिभावक तथा विद्यार्थी वर्गलाई यथेष्ठ जानकारी प्राप्त गर्ने गरि सुचना तथा समाचार सम्प्रेषण गरिदिन हुन एवम् अनावश्यक अर्थोपार्जनका लागि हुन सक्ने अवाञ्छित क्रियाकलापलाई रोक्न विशेष सजगताका निमित्त समेत हार्दिक अपिल गर्दछौं ।

धन्यवाद ।

दिपक राज भुसाल
महासचिव

नेपाल शैक्षिक परामर्श संघ
केन्द्रिय कार्यालय काठमाडौं